# सानिमा माई हाइड्रोपावर लिमिटेड
# SANIMA MAI HYDROPOWER LIMITED

(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्था)

का.म.न.पा. वडा नं. ४, काठमाण्डौं, फोन नं. ४-३७३०३०, ४-३७२८२८

website : www.maihydro.com E-mail : sanimamai@sanimahydro.com


## चौधौं वार्षिक साधारण सभाको निर्णय विवरण (माइन्युट)

### (कम्पनी ऐन, २०६३ को दफा ७५(३) को प्रयोजनको निमित्त प्रकाशित)

यस सानिमा माई हाइड्रोपावर लिमिटेडको मिति २०८२ साल चैत्र २९ गते आइतबारका दिन सेलिब्रेसन हाईट, सुकेधारा, काठमाण्डौमा सम्पन्न चौधौं वार्षिक साधारण सभाबाट पारित प्रस्ताव बमोजिमका निर्णयहरु सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीको लागि प्रकाशित गरिएको छ ।

सभामा शेयरधनीहरूको स्वयम तथा प्रतिनिधि मार्फत उपस्थित संख्या ९६२ भएको र कुल बाँडफाँड भएको शेयरको ५४.३१ प्रतिशतको प्रतिनिधित्व भएको हुँदा सभाको लागि गणपुरक संख्या पुगेको व्यहोरा साधारणसभामा जानकारी गराईयो ।

सभामा शेयरधनी महानुभावहरू श्री जगन्नाथ आचार्य, श्री भेषराज भण्डारी, श्री उत्तम दत्त पाण्डे, श्री उद्धव प्रसाद घिमिरे, श्री सत्रुघन श्रेष्ठ, श्री राज काजी रंजित, श्री भक्ति प्रसाद उप्रेती, श्री लव राज जोशी, श्री डमरुवल्लभ घिमिरे, श्री ईन्द्र कृष्ण श्रेष्ठ, श्री नरसिंह लाल चँखु, श्री प्रकाश राज पन्त, श्री उत्सव सुन्दर श्रेष्ठ, श्री सुदिप श्रेष्ठ, श्री ब्रम्हदेव शाक्य, श्री इन्द्र प्रसाद लामिछाने, श्री गोविन्द बहादुर के.सीज्यूले मौखिक रुपमा र शेयरधनी श्री निरुपमा गुप्ता, श्री युगल बसेल, डा. रामजी प्रसाद पण्डित, श्री लक्ष्मण बहादुर श्रेष्ठ, श्री बैजुनाय रौनियार, श्री कृष्ण प्रसाद अधिकारी, श्री राम श्रेष्ठ र श्री सुरेन्द्र चिमौरियाज्यूले लिखित रुपमा आ-आफ्नो मन्तव्य तथा सुझावहरु राख्नु भएको थियो । शेयरधनीज्यूहरुको जिज्ञासा तथा प्रश्नहरुका सम्बन्धमा सभा-अध्यक्ष श्री खेम राज लामिछानेज्यूको निर्देशन अनुसार कम्पनीका महाप्रबन्धक श्री गृष्म ओझाज्यूले स्पष्ट पार्दै जवाफ दिनु भएको थियो ।

### साधारण सभाबाट भएका निर्णयहरू :

**निर्णायार्थ चौधौं वार्षिक साधारणसभा समक्ष पेश भएका प्रस्तावहरु सभाबाट निम्न बमोजिम पारित गरियो :**

१. सञ्चालक समितिको तर्फबाट सभा-अध्यक्ष श्री खेम राज लामिछानेज्यूले प्रस्तुत गर्नु भएको आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदनमा छलफल भई सोमा उठेका जिज्ञासाहरुका सम्बन्धमा स्पष्ट गरी सकिएकोले उक्त प्रतिवेदन पारित गर्न प्रस्ताव गरिएकोमा सभामा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गरियो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित कम्पनीको २०८२ साल आषाढ मसान्त सम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व. २०८१/०८२ को वार्षिक नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, तत्सम्बन्धी अनुसूचीहरु उपर छलफल समेत भईसकेकोले उक्त विवरण स्वीकृतिका लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सभाबाट सर्वसम्मतिले उक्त प्रतिवेदन तथा आर्थिक विवरणहरु पारित गरियो ।

३. कम्पनीको लेखापरीक्षण समितिले आ.व. २०८२/०८३ को कम्पनीको हिसाब किताब लेखापरीक्षण गर्न लेखापरीक्षक संस्था S.A.R. Associates, Chartered Accountants लाई मूल्य अभिवृद्धि कर बाहेक रु. ५,००,०००/- (अक्षरेपी पाँच लाख मात्र) पारिश्रमिक निर्धारण गरी नियुक्तिका लागि सिफारिस गरेकोमा समितिको सिफारिस बमोजिम उल्लिखित संस्थालाई आ.व. २०८२/८३ को लेखापरीक्षक नियुक्त गर्ने प्रस्ताव सभाको सर्वसम्मतिबाट पारित गरियो ।

४. कम्पनीका सञ्चालक समितिमा शेयरधनीशरुको तर्फबाट प्रतिधित्व गर्ने २ (दुई) जना सञ्चालकहरु श्री भरत कुमार पोखरेलज्य्ू र डा. सुर्वण दाश श्रेष्ठज्यूको कार्यकाल यसै वार्षिक साधारण सभासम्म रहेको हुँदा, कम्पनीको यसै चौधौं वार्षिक साधारण सभाबाट २ (दुई) जना सञ्चालकहरुको निर्वाचन/नियुक्ति प्रयोजनका लागि प्रकाशित निर्वाचन कार्यक्रम अनुसार तपसिल अनुसारका २ (दुई) जना मात्र शेयरधनीहरुबाट उम्मेदवारी दर्ता भई निज उम्मेदवारहरुको विरुद्धमा कुनै दावी विरोध समेत नपरेको र कुनै उम्मेदवारहरुले आफ्नो नाम फिर्ता नलिनु भएको हुँदा उहाँहरु निर्विरोध निर्वाचित भई कम्पनीको नियमावली बमोजिम आगामी ४ (चार) वर्षका लागि यस कम्पनीको सञ्चालक पदमा नियुक्त हुनु भएको व्यहोरा निर्वाचन अधिकृत अधिवक्ता समिर कुमार उपाध्यायज्यूले सभामा घोषणा गर्नु भयो र यस प्रस्तावलाई सभाको सर्वसम्मतिले पारित गरियो ।

**तपसिल**

| क्र.सं. | निर्वाचित सञ्चालकहरुको नाम र ठेगाना | कैफियत |
|---|---|---|
| १. | श्री भरत कुमार पोखरेल<br>कल्लेरी -९, खोटाङ्ग | पुनः निर्वाचित |
| २. | श्री किरण कुमार श्रेष्ठ<br>चैनपुर-२, संखुवासभा | नव निर्वाचित |

विविध शिर्षक अन्तर्गत कुनै पनि प्रस्ताव नभएको हुँदा सो शिर्षकमा अन्य कुनै छलफल तथा निर्णय भएन ।

**(साधारण सभाको विस्तृत विवरण यस कम्पनीको Website:www.maihydro.com मा हेर्न तथा Download गर्न सकिनेछ ।)**